प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : २९६ ॥ २०८१ पुष ०२ गते मंगलबार (17th Dec 2024 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-


# वीरता लेडी जेसीजमा फेरि विवाद

बिर्तामोड(प्रस) । वीरता लेडी जेसीजमा फेरि विवाद भएको छ ।

तीन वर्षअघि नेतृत्व चयन गर्ने विषयमा विवाद भएकोमा फेरि त्यस्तै विवाद यस वर्षको निर्वाचनमा पनि देखिएको हो । १७ औं वार्षिक साधारणसभा तथा शाखा अधिवेशनमा नयाँ नेतृत्वको विषयले लेडी जेसीजमा विवाद चर्किएको थियो ।

आइतवार आयोजित २१ औं साधारण सभा तथा २० औं शाखा अधिवेशनमा पनि विवाद देखिएको छ । विवादका बीच निर्वाचन समितिले सन् २०२५को अध्यक्षमा निशा शाक्य निर्वाचित भएको घोषणा गरेको छ । निर्वाचनमा निशा शाक्य र झुमा चुडाल अध्यक्षका दावेदार थिए । प्रतिष्पर्धी चुडालले नाम फिर्ता लिएर हिडेपछि शाक्य एकलौटीरुपमा अध्यक्ष बनेकी हुन् । तर , निर्वाचन समितिले माइन्युटमा शाक्यले ८२ मत र चुडालले शून्य मत प्राप्त गरेको उल्लेख गरेको छ । सबै मतदाता उपस्थित नभइकन ८२ मतले शाक्यले निर्वाचन जितेको माइन्युटमा उल्लेख गरिएको हो ।

अध्यक्ष मेनुका ओली र निर्वाचन समिति संयोजक संगिता गिरीको मिलेमतोमा एकलौटी रुपमा नेतृत्व चयन गरिएको भन्दै असन्तुष्ट समूहले निर्वाचन बहिष्कार गरेको जनाएको छ । चुडाल सन् २०११ देखि जेसीज अभियानमा सक्रिय छिन् भने शाक्य २०१९ मा मात्र जोडिएकी हुन् । गिरी र ओलीले चुडाललाई पन्छाएर शाक्यलाई अघि सारेपछि जेसीजको निर्वाचन प्रक्रिया चुँडालको समूहले बहिष्कार गरेको जनाइएको छ ।



अर्कोतर्फ निर्वाचन प्रक्रिया निष्पक्ष र धाँधलीरहित नभएको भन्दै रोजिना पाण्डेले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएकी छन् । मतदाता नामावलीमा आफ्नो नाम नियतवश हटाइएको र त्यस विषयमा कुरा गर्न जाँदा निर्वाचन समितिले आफूलाई गुन्डा भनेको भन्दै उनले जिल्ला प्रशासन कार्यालयमा निर्वाचन प्रक्रिया रोक्न उजुरी दिएकी थिइन् । तर, निर्वाचन समितिले निर्वाचन प्रक्रिया नरोकी विवादका बीच नयाँ कार्यसमिति चयन गरेको थियो ।

पाण्डेले नवीकरण शुल्क तिरेर पनि आफूलाई बिनाकारण सदस्यबाट हटाएको आरोप लगाएकी छन् । ओली र गिरीको मिलेमतोमा जेसीजलाई प्राइभेट कम्पनी बनाउन खोजिएको उनको आरोप छ । अक्टोबर ३१ सम्म नवीकरण गरिसक्ने सदस्यले मात्र निर्वाचन प्रक्रियामा भाग लिन पाउने विधानलाई मिचेर साधारण सभाकै दिन डिसेम्वर १३ मा अध्यक्षकी उम्मेद्वार शाक्यले अधिकांश सदस्यको नवीकरण गरेको आरोप लागेको छ ।

वीरता लेडी जेसीजको विधानको धारा ६ को उपधारा ८ बमोजिम अक्टुबर ३१ सम्म नवीकरण भएका सदस्यले मात्र मतदानमा सहभागी हुन पाउने व्यवस्था रहेको एक सदस्यले बताइन् । हिजो यो विषय उठ्दाउठ्दै समिति बनाएर नयाँ नामावली प्रकाशन गरिन्छ भनी जवाफ दिएर निर्वाचन समितिले केहीक्षणमै एकलौटी निर्णयमा दाबी विरोधको समय सकिएकोले सम्बोधन गर्न नसक्ने निर्णय गरेर षडयन्त्र गरेको उनले बताइन् ।

## निर्वाचित पदाधिकारी र निर्वाचन समितिविरुद्ध मुद्धा हाल्ने

झापा(प्रस)। वीरता लेडी जेसीजको निर्वाचनमा अध्यक्ष पदकी प्रत्यासी झुमा चुडालले नवनिर्वाचित पदाधिकारी र निर्वाचन समितिका पदाधिकारीविरुद्ध मुद्धा हाल्ने भएकी छन् । निर्वाचन प्रकृयामा भाग नै नलिएको व्यक्तिका हकमा शून्य मत झरेको भन्ने झुठा व्यहोराको माईन्युट गरी आफ्नो आचरण, ख्याति वा नैतिकतालाई होच्याउने गरी चरित्र हत्या गरेको भन्दै उनले नवनिर्वाचित पदाधिकारी र निर्वाचन समितिका पदाधिकारीविरुद्ध गाली बेइज्जतीसम्बन्धी कसुरमा कानुनी प्रकृयामा जाने भएकी हुन् । सोमवार वीरता लेडी जेसीजको सचिवालयमा पत्रकार सम्मेलन गरी चुडालले मुलुकी फौजदारी संहिता २०७४ को गाली बेइज्जती सम्बन्धी कसुरको दफा ३०६ ले उल्लेख गरेबमोजिम अदालतमा मुद्धा हाल्ने जानकारी दिइन् । ऐनमा कसैले कसैको बेइज्जती गरे वा गराएमा निजलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने उल्लेख छ । साथै उनले विधानविपरीत गठन गरिएको वीरता लेडी जेसीजको नयाँ कार्यसमिति खारेजीको मागसमेत गरेकी छन् ।

निर्वाचन प्रक्रिया निष्पक्ष र धाँधलीरहित नभएको भन्दै सदस्य रोजिना पाण्डेले आइतवार नै जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइसकेकी छन् । मतदाता नामावलीमा आफ्नो नाम नियतवश हटाइएको र त्यस विषयमा कुरा गर्न जाँदा निर्वाचन समितिले आफूलाई गुन्डा भनेको भन्दै उनले जिल्ला प्रशासन कार्यालयमा निर्वाचन प्रक्रिया रोक्न उजुरी दिएकी थिइन् । तर, निर्वाचन समितिले निर्वाचन प्रक्रिया नरोकी विवादका बीच नयाँ कार्यसमिति चयन गरेको थियो ।

निर्वाचन समितिको अधिकृतमा संगिता गिरी रहेकी थिइन् भने सदस्यहरुमा संगिता चिमरिया र सरु भुर्तेल खनाल रहेका थिए । सो समितिले वीरता लेडी जेसीजको सन् २०२५को अध्यक्षमा निशा शाक्य निर्वाचित भएको घोषणा गरेको थियो । नयाँ कार्यसमितिमा निवर्तमान अध्यक्ष मेनुका ओली, कार्यकारिणी उपाध्यक्ष मुना अधिकारी ढुंगेल, चन्द्रकला रिजाल, उपाध्यक्ष एलिना रिजाल ढकाल, अञ्जली शाह, भावना बस्नेत, तारा बस्नेत रहेका छन् । यस्तै सह-सचिवमा दिक्षा कडरिया, शाखा सम्पादकमा हेलेन खरेल, तालिम संयोजक कोपिला पोखेल सिटौला, जनसम्पर्क अधिकारी पार्वता श्रेष्ठ निर्वाचित भएको बताइएको थियो ।

## राप्रपा बिर्तामोडको अध्यक्षमा लक्ष्मी गौतम

बिर्तामोड (प्रस) । नगर अधिवेशन शुरु भएको दुई सातापछि बल्ल राष्ट्रिय प्रजातन्त्र पार्टीको बिर्तामोड नगर समितिको नेतृत्वमा सहमति जुटेको छ ।

समन्वय समितिले लामो पहल गरी नगर अध्यक्षमा लक्ष्मी गौतमलाई सर्वसम्मत चयन गराएको हो । गत मंसिर १६ गते शुरु भएको अधिवेशनमा अध्यक्ष पदका लागि ६ जनाले दावी गरेका थिए । सर्वसम्मत अध्यक्ष चयन गर्न समन्वय समिति बनेको थियो । गौतम यसअघि नगर सचिव थिए ।



गौतमको अध्यक्षतामा २२ सदस्यीय नगर समिति घोषणा गरी सोमवार पद हस्तान्तरण तथा सपथ ग्रहण गरिएको छ । नगर सदस्यहरुमा रामलोचन न्यौपाने ,शंकर रिजाल, गोपाल गुरुङ, राजकुमार प्रसाईं ,हरि बराल,बिष्णु गिरी , जीवन कार्की,गोबिन्द पाठक ,पुन्नबहादुर बस्नेत, हेमराज खनाल ,महिला सदस्यमा दुर्गा खतिवडा ,सुमित्रा गजमेर,कुसुम राई,रुथमाया बिश्वकर्मा,गंगा दुलाललगायत रहेको निवर्तमान अध्यक्ष रन्जु प्याकुरेलले जानकारी दिइन् । नगर अधिवेशन समन्वय समितिकी अध्यक्ष रन्जु प्याकुरेलको अध्यक्षता तथा केन्द्रीय सदस्य सूर्यनारायण गणेशको प्रमुख आतिथ्यतामा पार्टीका कोशी प्रदेश सचिब कुमार भट्टराई ,जिल्ला अध्यक्ष केशबप्रसाद ओझालगायतको उपस्थितिमा पद हस्तान्तरण तथा सपथ ग्रहण कार्यक्रम भएको थियो ।

## झापामा मोटरसाइकल दुर्घटनामा चार जनाको मृत्यु

झापा(प्रस) । झापाको दमक र शिवसताक्षीमा भएका दुई छुट्टाछुट्टै मोटरसाइकल दुर्घटनामा चारजनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन्।

दमकमा मोटरसाइकल अनियन्त्रित हुँदा तीनजनाको मृत्यु भएको हो । आइतवार राति करिब १०:१० बजे दमक-१० सेतुमारी चोक नजिक भित्री सडकखण्डमा सेतुमारी चोकबाट बालुबथानतर्फ जाँदै गरेको प्रदेश १-०१-०१५ प १७९३ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना भएको थियो।

दुर्घटनामा मोटरसाइकल चालक मोरङ रतुवामाई-८ का २७ वर्षीय विराज थापा, मोटरसाइकलमा सवार गौरादह-५ की ३२ वर्षीया जमुना धिमाल र २५ वर्षीया मनचरी राई भनिने ओमकुमारी राई घाइते भएका थिए। उनीहरूलाई तत्काल बिर्तामोडको बीएण्डसी अस्पताल पुर्याइएको थियो। उपचारका क्रममा तीनैजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

त्यस्तै शिवसताक्षीमा ट्र्याक्टरसँग ठोक्किँदा एकजनाको ज्यान गएको छ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत शिवसताक्षीमा सडक निर्माणका लागि बनाइएको डाइभर्सनमा भएको अर्को दुर्घटनामा मेचीनगर-५ का ४२ वर्षीय सन्तोषकुमार लिम्बूको मृत्यु भएको हो । आइतवार साँझ करिब ७ बजे मे ९ प ६२४ नम्बरको मोटरसाइकल डाइभर्सनमा रोकिराखेको अवस्थामा को. २ त ४१४५ नम्बरको ट्र्याक्टरको पछाडिको भागमा ठोक्किएको थियो। दुर्घटनामा मोटरसाइकल चालक लिम्बू गम्भीर घाइते भएका थिए। उनलाई अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो।

मोटरसाइकलको पछाडि बसेकी दमक-५ की ३५ वर्षीया अनिता राईको उपचार भइरहेको प्रहरीले जनाएको छ। ट्र्याक्टर कालिका कन्स्ट्रक्सनको भएको जानकारी प्राप्त भएको छ। ट्र्याक्टर चालक मोरङ सुन्दरहरैचा नगरपालिका वडा न.१ लक्ष्मीपुर बस्ने ३३ वर्षीय सुरेन उराउलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय झिलझिलेमा राखिएको प्रहरीको भनाइ छ।

## प्रेस विज्ञप्ति

**म झुमा चुडाल सन् २०११ देखि वीरता लेडी जेसीजमा आवद्ध छु । मेरो पारिवारिक जिम्मेवारी, सामाजिक उत्तरदायित्व, व्यक्तिगत प्रतिष्ठा र मर्यादालाई सन्तुलित रुपमा निरन्तरता दिंदै आएकी छु । यस वीरता लेडी जेसीजमा १४ वर्षदेखि आवद्ध भइरहँदा संस्थाको हकहितविपरीत कुनै दुष्कार्य गरेकी छैन ।**

**मिति २०८१।०८।३० गते आयोजित वीरता लेडी जेसीजको २१ औं साधारण सभा तथा २० औं शाखा अधिवेशनमा मैले अध्यक्ष पदको दावी लिएँ। मेरा प्रत्यासी जेसी निशा शाक्य रहनुभयो । संस्थाको मिति २०८१।०८।२८ गते स्थगित भएको ककस कार्यक्रमपश्चात् निर्वाचन कार्यक्रम पनि स्थगन रह्यो । आपसी सहमतिमा संस्थाको नेतृत्व चयन गर्ने नैतिक सहमति भएतापनि वर्तमान निर्वाचित भएको भनिएका अध्यक्ष निशा शाक्य समेतको योजनामा चुनावी प्रकृयाबाट नै नेतृत्व चयन गर्ने प्रस्ताव पारित गरियो । भद्र सहमतिविपरीत निर्वाचनमा जाने निर्णय सुनाएपश्चात् म लगायत केही साथीहरु निर्वाचनमा भाग नलिने भनी कार्यक्रम स्थलबाट बाहिरियौं । केही साथीले प्रकृयामा आउनुहोस् भन्ने खबर गरेपछि म निर्वाचनस्थल गई लिखित रुपमा आफ्नो अध्यक्ष पदको उम्मेद्वारी फिर्ता लिएँ। मैले अध्यक्ष पदको उम्मेद्वारी फिर्ता लिएपश्चात् अध्यक्ष मेनुका ओली र निर्वाचन अधिकृत संगीता गिरीको मिलेमतोमा सन् २०१८ देखिमात्र जेसीजमा आवद्ध निशा शाक्यलाई अध्यक्ष पदमा चयन गरी सम्पूर्ण नवनिर्वाचित भनिएका कार्यसमितिका सदस्यहरु समेतको हस्ताक्षरमा माईन्युट गरी " वीरता लेडी जेसीजका जम्मा ८२ जना मतदाता मध्येबाट जेसी निशा शाक्यलाई ८२ मत र जेसी झुमा चुडाललाई ० मत झरेका कारण जेसी निशा शाक्य अत्यधिक मतका साथ वीरता लेडी जेसीजको २०२५ को अध्यक्ष निर्वाचित हुनुभएको छ " भनी उल्लेख गरिएको रहेछ ।**

**यसरी सन् २०२५ का वीरता लेडी जेसीजका विजयी अध्यक्ष र समितिका सम्पूर्ण पदाधिकारीहरुले मैले अध्यक्ष पदको दावी लिखित रुपमा फिर्ता लिईसकेपश्चात् मेरो इज्जतमा धक्का पुग्न सक्छ भन्ने जानी जानी बेइज्जती गर्ने बद्नियतले म निर्वाचन प्रकृयामा भाग नै नलिएको व्यक्तिका हकमा ० मत झरेको भन्ने झुठा फरहेव व्यहोराको माईन्युट गरी गराई प्रत्यक्ष रुपमा मेरो आचरण, ख्याति वा नैतिकतालाई होच्याउने गरी चरित्र हत्या गरेकोमा वीरता लेडी जेसीजका वर्तमान सम्पूर्ण कार्यसमितिका पदाधिकारी, निर्वाचन सिमितिका पदाधिकारी समेत विरुद्ध मेरो बेइज्जती गर्ने बदि्नयतले ८२ जना मतदातामध्येबाट झुमा चुडालले ० मत प्राप्त गरेको भनी लिखित बेइज्जती गरेकामा गाली बेइज्जतीसम्बन्धी कसुरमा कानुनी प्रकृयाबाट सजाय दिलाई न्यायको अनुभूति गर्न चाहेको व्यहोरा जानकारी गराउँछु । मुलुकी फौजदारी संहिता २०७४ को गाली बेइज्जती सम्बन्धी कसुरको दफा ३०६ ले उल्लेख गरेबमोजिम " अरुको इज्जतमा धक्का पुर्याउने नियतले वा धक्का पुग्न सक्छ भन्ने जानी जानी वा विश्वास गर्ने मनासिव कारण भई लेखेर, आचरण वा आकार वा चिन्ह वा प्रचार प्रसारद्वारा वा अरु कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले त्यस्तो व्यक्तिलाई अरुको दृष्टिमा निजको व्यक्तिगत चरित्र आचरण, नैतिकता वा ख्यातिलाई होच्याउने गरी चरित्र हत्या गरेमा निजले बेइज्जती गरेको मानिनेछ भनी उल्लेख गरेकोमा सो बमोजिमको काम गर्नेलाई उक्त ऐनको दफा ३०७ को उपदफा (१) बमोजिम "कसैले कसैको बेइज्जती गरे वा गराएमा निजलाई दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।" भनी स्पष्ट व्यवस्था गरिएको व्यहोरा जानकारी गराउँदै मेराविरुद्ध बेइज्जती गर्ने वीरता लेडी जेसीजका सम्पूर्ण पदाधिकारी र निर्वाचन समितिका पदाधिकारीविरुद्ध उल्लेखित कानुनी व्यवस्था बमोजिम हदैसम्मको सजायको माग गरी कानुनी प्रकृयामा जाने नै छु साथै विधानविपरीत प्रकृया र व्यहोरा अवलम्बन गरी गठन गरिएको वीरता लेडी जेसीजको नयाँ कार्यसमिति खारेजीको माग गर्दछु । धन्यवाद ।**

**जेसी झुमा भट्टराई चुडाल**
**बिर्तामोड, झापा**
मिति : २०८१ । ०९ । ०१

## पाँचथरको मिक्लाजुङमाभिरबाट लडेर राईको मृत्यु



झापा(प्रस) । पाँचथरको मिक्लाजुङमा भिरबाट लडेर एकजनाको मृत्यु भएको छ । आइतवार दिउँसो ३.४० बजे मिक्लाजुङ गाउँपालिका वडा नं. -५ कालो खोल्सीको लसीबोटे बस्ने ६३ वर्षीय मानबहादुर राई सिक्देम्बाबाट मासुको पैसा उठाएर घर फर्कने क्रममा भिरबाट लडी ५० मिटर तल झरेका थिए । घाइतेलाई उपचारको लागि झापातर्फ ल्याउनेक्रममा साँझ ७.३० बजे बाटोमा नै मृत्यु भएको हो । राई भिरबाट लडेको स्थानीयबासीले देखेर घटनास्थलबाट उद्धार गरी उपचारको लागि स्ट्रेचरमा राखेर गाडीसम्म लाने क्रममा बाटोमा नै मृत्यु भएको इलाका प्रहरी कार्यालय रविका प्रहरी निरीक्षक ढुण्डीराज गिरीले जानकारी दिएका छन् ।

# पाकिस्तानलाई हराउँदै नेपाल सेमिफाइनलमा

झापा(प्रस) । एसिसी यू-१९ महिला एसिया कपमा पाकिस्तानलाई ६ विकेटले पराजित गर्दै नेपाल सुपर-४ मा प्रवेश गरेको छ।
समूह 'ए' मा पाकिस्तानले लगातार दुई खेलमा पराजय भोगेर बाहिरिएसँगै नेपाल समूहको अन्तिम खेलअघि टोली मात्र छन्।
भारतसँगै खेल्नुअघि नै सुपर-४ मा पुगेको नेपालले सोमबार पाकिस्तानलाई ६ विकेटले पराजित गर्दा कप्तान पूजा महतोले अलराउन्ड प्रदर्शन गरिन्। नेपालले पाकिस्तानले दिएको १०५ रनको लक्ष्य १९ ओभरमा विकेट ४ क्षतिमा पूरा गऱ्यो।



सुपर-४ मा पुगेको हो। समूहमा यसअघि भारतले पाकिस्तानलाई पराजित गरेको छ।
नेपालले अब आफ्नो समूहको अन्तिम खेलमा मंगलवार भारतसँग खेल्नेछ। समूहमा तीन पूजाले नटआउट ४७ रन जोड्ने क्रममा ४७ बलमै ३ चौका प्रहार गरिन्।
पूजासँग सीमाना केसीले पाँचौ विकेटका लागि ४९ रनको साझेदारी गर्दै दरिलो साथ दिइन्। सीमानाले नटआउट १२ रन जोडिन्।
त्यसअघि नेपालकी ओपनर सना प्रवीन १० रनमा रनआउट भइन्। अर्की ओपनर सावित्री धामीले ८ रन जोड्दा सोनी पाखिन १३ रनमा रनआउट भइन्। लगत्तै ज्योत्स्निका मरासिनी शून्यमा आउट भएकी थिइन्।
त्यसअघि मलेसियाको बायुमास ओभलमा टस जितेर पहिले ब्याटिङ गरेको पाकिस्तानले ५ विकेटको क्षतिमा १०४ रन जोड्यो।
उसका लागि ओपनर तथा विकेटकिपर ब्याटर कोमल खानले ३८ रन जोडिन्। यस्तै मोहम अनीसले नटआउट २९ रनको योगदान दिइन्।
बलिङमा नेपालकी कप्तान पूजा महतोले २ विकेट लिइन् भने रचना चौधरी, रिया शर्मा र सीमाना केसीले १-१ विकेट लिए।
समूहमा नेपाल र पाकिस्तानसँगै भारत छ। नेपालले आइसिसी यू-१९ विश्वकपअघि एसिया कप खेलेको हो।

## गाँजासहित टेम्पो चालक पक्राउ



झापा(प्रस) । प्रतिबन्धित लागूऔषध गाँजासहित टेम्पु चालक पक्राउ परेका छन्। आइतबार राति धरानको चारकोसे झाडीबाट गाँजासहित प्रदेश १-०२-००२ ह.१६५५ नम्बरको टेम्पोसहित चालक धरान-१७ का धनबहादुर भण्डारीलाई नियन्त्रणमा लिएको डीएसपी प्रकाश जबेगुले बताए।

भण्डारीले टेम्पोमा लोड गरेको १२३ केजी गाँजा बरामद गरिएको उनको भनाई छ। पक्राउ परेका भण्डारीलाई सोमबार जिल्ला अदालत सुनसरीबाट म्याद थप गरि हिरासतमा राखेर अनुसन्धान थालिएको छ।

पछिल्लो समय धनकुटामा उत्पादन हुने गाँजा तस्करहरूले धरान हुँदै इटहरी, विराटनगरबाट भारततर्फ लैजाने गरेका छन्। धरान प्रहरीले १५ दिन अगाडि पनि दुईवटा सरकारी नम्बर प्लेटको गाडीमा गोली हानेर ७ सय केजी गाँजा बरामद गरेको थियो।

## फुङलिङमा आगलागी हुँदा एक घर नष्ट

झापा(प्रस) । ताप्लेजुङको फुङलिङमा आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ । आइतवार राति १० बजे ताप्लेजुङ फुङलिङ- ६ गुम्बाडाँडामा महेन्द्र गुरुङ (हाल धरान बसोबास गर्ने) को घरमा



टिकामाया गुरुङ डेरा गरी बस्दै आएकोमा घरमा कोही नभएको बेला एक्कासि बिद्युत सर्ट भई आगलागी भएको थियो । आगलागीबाट ढुङ्गा माटोले बनेको टिनको छानो भएको तीनतले घर पूर्णरुपमा जलेर नष्ट भएको छ । त्यस्तै घरभित्र भएका कुखुरा २० वटा, मकै ४ मुरी, आलु ४ मुरी, टीभी , डिसहोम जलेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय ताप्लेजुङबाट खटिएको प्रहरी टोली र स्थानीयको सहयोगमा राति १२ बजे आगलागी पूर्णरुपमा नियन्त्रणमा आएको थियो ।

## सप्तकोशीको...

अवस्था छैन । बिगतमा जति पानी आउँथ्यो ,त्यसैले प्रशस्त हुन्थ्यो । हाल आएर गहुँ र मकै खेती धैरै हुन थालेको छ । त्यसैले दीर्घकालीन सुधारको आवश्यकता भएको हो ।" सन् १९७५ मा भारतले कोशी नदीको पूर्वपट्टी चतरामा प्रतिसेकेण्ड ४५ दशमलव ३ क्यूमेक्स पानी फ्याल्ने साईड इन्टेक बनाएर ५३ किलोमिटर लामो मुल नहर ११ वटा शाखा नहर र ३६ वटा माइनर नहर निर्माण गरेर सरकारलाई हस्तान्तरण गरेको हो । ०३५ सालदेखि सरकारले विश्व बैंकको ऋण सहयोगमा चरणबद्ध रुपमा योजनाको विकास गर्दै अहिलेको अवस्थामा ल्याएको हो ।

हाल प्रतिसेकेण्ड ६० क्यूमेक्स पानी बग्ने क्षमताको योजनाको मुल नहरका संरचना जीर्ण हुँदा बर्खायाममा संरचना जोगाउनै समस्या भएको छ । सप्तकोशी नदी एसिया कै बढी वालुवा फाल्ने दोस्रो नदी हो । इन्टेकबाट मुल नहरमा पसेको बालुवा निकाल्ने दुई वटा मेसिन मध्ये एउटा बिग्रिएर थन्किएको वर्षौं भयो । एउटा मेसिनले १८ घण्टासम्म काम गर्दा पनि बालुवा निकालि सक्दैन । जसले गर्दा नहर पुरिँदै गएको छ । नदीमा पानीको सतह घट्ने क्रम र नहर पुरिने क्रम बढेकोले तत्काल सप्तकोशीमा 'वेडवार'(पानी छेक्ने साधारण बाँध) निर्माण गर्नुपर्ने भएको छ ।चतरा मुल नहर जलउपभोक्ता संस्थाका सचिव खड्गलाल साहले भने, "हिउँदे बालीका लागि प्रतिसेकेण्ड न्यूनतम ३० क्यूसेक पानी आवश्यक पर्छ ।

तर योजनाको मुहानमा प्रतिसेकेण्ड ६ देखि १० क्यूमेक्स मात्र पानी उपलब्ध हुने गरेको छ । सप्तकोशीमा नयाँ पुल बनाउँदा पानी उदयपुर(पश्चिम) तर्फ ढल्क्यो । पूर्व तर्फको इन्टेकमा पानी नै छैन । स्परहरू भएको ठाउँमा कमिला कुद्न थालेका थालेका छन् ।" साहले भने, "वेडवार लगाएर पानी नछेक्ने हो भने सुनसरी र मोरङको उत्पादन ६० प्रतिशतले घट्ने छ ।" साहले खाद्य सुरक्षा र खाद्यान्यको उत्पादनलाई यही स्थितिमा राख्न पनि सरकारले आयोजनालाई महत्वका साथ हेर्नु पर्ने बताए ।

# उपाधिको दाबेदार आर्मी झापा कपबाट बाहिरियो

बिर्तामोड(प्रस) । उपाधिको दाबेदार मानिएको त्रिभुवन आर्मी फुटबल क्लब झापाको बिर्तामोडमा आयोजित प्रथम झापा कपको क्वार्टरफाइनल खेलबाटै बाहिरिएको छ ।

सिरहाको सलहेश युवा क्लबसँग २-० गोल अन्तरले पराजित हुँदै आर्मी खेलबाट बाहिरिएको हो । झापामा हुने प्रतियोगितामा पहिलोपटक सहभागिता जनाएको सलहेशले आर्मीलाई पराजित गर्दै सेमिफाइनलमा स्थान सुरक्षित गरेको हो ।

सलहेशको जितमा अभि लामा र आदित्य शाक्यले गोल गरे । खेलको १८ औं मिनेटमा अभि लामाले गोल गर्दै सलहेशलाई १-० को स्थितिमा पुर्‍याए । मैदानको मध्यभागबाट लामाले गरेको प्रहार आर्मीका गोलकिप्पर विकेश कुथुले बचाउ गर्न सकेनन् । कुथु लडेको अवस्थामा मैदानमा ड्रप भएर बलले जाली चुमेको थियो ।
सलहेशको लागि दोस्रो गोल आदित्य शाक्यले गरे । आर्मीका दुईजना डिफेन्डरले क्लियर गर्न नसकेको बललाई शाक्यले गोलकिप्पर कुथुलाई बिट गर्दै सुन्दर गोल गरेका थिए ।

खेलको ३७ औं मिनेटमा सलहेशका जोराह ग्लोरीले डिबक्सबाट गरेको शक्तिशाली प्रहार दायाँ पोलमा लागेर बाहिरिएपछि खेलमा थप गोल गर्ने अवसरबाट बञ्चित भएको थियो । आर्मीले खेलमा बल पोजिसन राखे पनि



स्कोर भने निकाल्न सकेन । खेलको २० औं मिनेटमा आर्मीका निरज भुजेलले विपक्षी डिबक्समा पाएको बल सदुपयोग गर्न सकेनन् । उनको फितलो प्रहार सलहेशका गोलकिप्पर दिप कार्कीले सहजै नियन्त्रणमा लिए । ५५ औं मिनेटममा आयुष तिमिल्सिनाले गरेको हेडर विफल हुँदा आर्मीका समर्थक निराश भएका थिए । खेल अनुशासन उल्लंघन गरेको भन्दै रेफ्री श्याम दनुवारले आर्मीका कप्तान भरत खवासलाई खेल सकिएपछि रातो कार्ड दिएका थिए ।
खेलको प्लेयर अफ द म्याच सलहेशका अभि लामा घोषित भए । उनले नगद १० हजार रुपैयाँ पुरस्कार पाए ।
मंगलबारको दोस्रो क्वार्टरफाइनल खेल भारतको जिटिए दार्जिलिङ र राष्ट्रिय जागृति क्लब इटहरीबीच हुने आयोजकले जनाएको छ ।
शनिबारदेखि सुरु भएको प्रतियोगिताको फाइनल खेल पुष ८ गते हुनेछ ।
प्रतियोगिताको विजेताले नगद १० लाख तथा उपविजेताले नगद ५ लाख पुरस्कार पाउने आयोजक झापा ११ फुटबल क्लबका अध्यक्ष जलकुमार गुरुङले जानकारी दिए । प्रत्येक खेलको प्लेयर अफ द म्याचले १० हजार नगद पाउनेछन् । प्रतियोगिताको उच्च गोलकर्ता एकजना तथा उत्कृष्ट गोलकिप्पर एकजनालाई ३५ हजार नगद पुरस्कार प्रदान गरिनेछ ।

त्यस्तै, प्रतियोगिताको एक उदीयमान खेलाडीलाई झापा ट्यालेन्ट घोषणा गरेर नगद ३५ हजार रुपैयाँ प्रदान गरिनेछ । प्रतियोगिताको सर्वोत्कृष्ट एकजना खेलाडीलाई मस्ट भ्यालुएवल खेलाडी घोषित गरेर नगद १ लाख रुपैयाँ प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए । प्रतियोगितालाई रोमाञ्चक बनाउँदै प्रोत्साहित गर्न बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन एकजना भाग्यशाली दर्शकलाई हिमस्टार टिभी प्रदान गर्दै आएको छ ।


नेपाल सरकार

**भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय**

**भूमिव्यवस्थापन तथा अभिलेख विभाग**

**मालपोत कार्यालय, दमक**

झापा

**मिति: २०८१/०८/१९**

**विषय: ३५ पैतीस दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना ।**

प्रान्त जिल्ला झापा बिर्तामोड नगरपालिका वडा नं. ०७ बस्ने दुर्गा प्रसाद दाहालको नाति भिम प्रसाद दाहालको छोरा ना.प्र.नं. ०४-०१-७७-०५८२९ मिति २०७७।०९।२० झापाको अमन दाहालले आफू नावालक अवस्थामा रहँदा आफ्नो नाम घर डेकराज दाहालको नाममा दर्ता श्रेस्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको श्रेस्ता पूर्जामा आफ्नो नामथर डेकराज दाहाल रहेकोमा हाल आफू सावालक भई नेपाली नागरिकताको प्रमाणपत्र लिँदा आफ्नो नामथर अमन दाहाल भएकोले उल्लेखित जग्गाको ज.ध. प्रमाण श्रेस्ता पूर्जामा नेपाली नागरिकताको प्रमाणपत्र अनुसार आफ्नो नामथर अमन दाहाल र नेपाली नागरिकताको प्रमाणपत्र नं. ०४-०१-७७- ०५८२९ मिति २०७७।०९।२० झापा कायम गरी पाऊँ भनी द.नं. ८२९७ मिति २०८१।०८।१९ मा निवेदन पेश गरेकोमा हकदावी सम्बन्धी ३५० पैतीस दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८१।०८।१९ मा आदेश भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। निवेदकको माग दावी बमोजिम ज.ध. श्रेस्ता पूर्जामा रहेको ज.ध. डेगराज दाहाललाई संशोधन गरी ज.च. को नामथर अमन दाहाल, निजको ना.प्र.नं. ०४-०१-७७- ०५८२९ मिति २०७७।०९।२० झापा कायम गरी निजलाई सावालक समेत कायम गर्दा कोही कसैको हकहिस्सा वा स्वामित्वमा असर पर्न जाने भएमा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा आउनु होला । अन्यया कानून बमोजिम भईजाने छ । पछि कुनै प्रकारको उजूर बाजूर लाग्ने छैन ।

**तपशिल:**

| जग्गाधनीको नाम थर | गा.वि.स./न.पा. | वडा नं. | कि.नं | क्षेत्रफल | संशोधन/सावालक माग गर्ने |
|---|---|---|---|---|---|
| ज.ध.डेकराज दाहाल<br>बाबु:भिम प्रसाद दाहाल<br>बाजे:दुर्गा प्रसाद दाहाल | तोपगाछी | ३ | ३१४ | ०-१५-० | निवेदक: अमन दाहाल<br>बाबु: भिम प्रसाद दाहाल<br>बाजे: दुर्गा प्रसाद दाहाल<br>ना.प्र.नं. ०४-०१-७७-०५८२९<br>मिति: २०७७।०९। २० झापा |

इति सम्वत् २०८१ साल मार्ग १९ गते रोज ४ शुभम् ।


# दुर्गाले टिम बनाएर धम्क्याएको प्रहरीको निष्कर्ष

झापा(प्रस) । मेडिकल व्यवसायी तथा 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाअभियान'का संयोजक दुर्गा प्रसाईंले भारतीय गुन्डा नाइके लरेन्स विश्नोइको नाममा नेपालका व्यवसायीलाई धम्क्याउन टिम नै परिचालन गरेको प्रहरीले अनुसन्धानका क्रममा निष्कर्ष निकालेको छ । भारतमा बसेर व्यवसायीलाई धम्क्याउने हरिचन्द्र फुयल पक्राउ परेपछि प्रसाईं र अरू ३ जनाको संलग्नता खुलेको अनुसन्धानमा संलग्न अधिकृतहरू बताउँछन् ।
लरेन्स विश्नोइको नाममा धम्की दिन समूह नै परिचालन गरेको भेटिएपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले प्रसाईंविरुद्ध संगठित अपराधमा पनि अनुसन्धान सुरु गरेको छ । एउटा कसुरमा संगठित अपराध जोडिएपछि ६० दिनसम्म थुनामा राखेर अनुसन्धान गर्न पाउने अधिकार प्रहरीलाई हुन्छ ।
अहिले उनीविरुद्ध आपराधिक लाभ लिन नहुने कसुर र संगठित अपराधमा अदालतबाट म्याद लिएर अनुसन्धान भइरहेको सीआईबीका एआईजी दीपक थापाले बताए । उनले भने, 'कानुनी रूपमा उनलाई ६० दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्न मिल्ने अवस्था छ ।'
प्रसाईं निकट हरिचन्द्र फुयलले व्यवसायीलाई धम्क्याउन आफूलाई प्रसाईंले ५ लाख दिएको बयान दिएका छन् । उनले भनेका छन्, 'धम्क्याउने प्रयोजनको लागि मलाई दुर्गा प्रसाईंले ५ लाख दिएका हुन् ।' तर, प्रसाईंले बयानमा सो कुरा अस्वीकार गरेको अनुसन्धान अधिकृतहरू बताउँछन् ।
फुयलमाथि अनुसन्धान गर्दै जाँदा प्रसाईंले परिचालन गरेका थप ३ जनाको कनेक्सन भेटिएको छ । नेपालमै रहेका थप दुई जना र विदेशमा बस्ने १ जनाले प्रसाईंको योजनालाई सघाएका हुन् । उनीहरूलाई प्रहरीले पक्राउ गर्ने प्रयास गरिरहेको छ ।







**बालअधिकारप्रति संवेदनशील बनौं**

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरन्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्,
- बालबालिकाकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं,
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौ ।
- वालवालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सरकारले ढल्ने हल्ला

सरकार फेरबदलको बेमौसमी बहस पटक–पटक दोहोरिने गरेको छ । सत्तासाझेदार कांग्रेस–एमालेका शीर्ष नेताविरुद्ध भदौ १० गते काठमाडौंमा गौरा पर्व समारोहमा नाराबाजी भएपछि एकपटक सरकार ढालिने चर्चा भयो । दशैंको समयमा फेरि त्यस्तै भयो । अहिले पनि सरकार परिवर्तनको हल्ला चलिरहेको छ ।
सरकार परिवर्तन हुँदैछ भनेर अफवाह फैलिनुमा युट्युबका बतासे विश्लेषक हावी छन् । सरकार बनेको भर्खर ६ महिना पूरा भएको छ । तर, गठन भएको दिनदेखि नै मानिसहरूले सोधिरहेका छन्, 'सरकार कहिले ढल्छ ?' शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन भएको सय दिन नपुग्दै तत्कालीन विपक्षी दलका नेता केपी शर्मा ओलीले आवश्यक ठाने एक हप्तामै सरकार ढाल्ने चेतावनी दिएका थिए ।

सरकार ढल्ने विश्लेषण गरेकाहरू र ढल्छ भनेर प्रतीक्षा गरेकाहरूलाई खासै शुभ संकेत छैन । धेरैको आशंका थियो– 'ओलीले चीनमा बीआरआई ऋण सम्झौता गर्छन् र त्यसको असरले सरकार ढल्छ ।' ओलीको चीन भ्रमणका बेला बीआरआई फ्रेमवर्क सम्झौतामा हस्ताक्षर भयो, तर ऋण लिने सम्झौता नभई कांग्रेसले तयार गरेको ड्राफ्टमा ।तर, ओलीको भविष्यवाणी मिलेन । अपझ्र्ट बनेको देउवा नेतृत्वको सरकारले आफ्नो कार्यकाल पूरा गर्‍यो । शान्तिपूर्णरूपमा आमनिर्वाचन सम्पन्न गराएर मात्र देउवाले राजीनामा दिए । त्यो बीचमा सरकार बाहिरका दलले सरकार ढाल्छौं भनेर कतिपटक भने त्यसको गिन्ती नै छैन ।
सरकार ढल्ने अफबाह फैलिँदा कर्मचारीले काम नगर्ने भय हुने भएकाले प्रधानमन्त्रीले पटक–पटक स्पष्टीकरण दिनुपर्ने अवस्था आयो ।
एमालेसँग असार १७ गते भएको ७ बुँदे सहमतिप्रति कांग्रेस र त्यसमा पनि देउवा प्रतिबद्ध छन् । साउन ६ गते प्रतिनिधि सभामा विश्वासको मत दिने क्रममा भनेको कुरा देउवाले दोहोर्‍याइरहेका छन्, त्यो हो– '७ बुँदे सहमतिप्रति कांग्रेस प्रतिबद्ध छ, एमाले इमान्दार होस् ।'
देउवा र ओली एक ठाउँमा हुँदासम्म (जुन अहिलेसम्म छन्) अरू आन्तरिक या बाह्य कारणले सरकार ढल्ने सम्भावना क्षीण छ ।
कांग्रेस–एमाले मिल्ने परिस्थिति घरेलु आवश्यकताले निम्त्याएको थियो, न कि प्रचण्डले दाबी गरेजस्तो समुद्रपारिबाट सरकार ढालिएको हो । जुन परिस्थिति र आवश्यकताले कांग्रेस–एमालेले सरकार बनाएका थिए, त्यसमा कुनै बदलाव आएको छैन ।




# महँगीको बढ्दो चुनौती



• जुनारबाबु बस्नेत

कुनै पनि वस्तु वा सेवाको मूल्य साविककै भाउमा सधैँ पाइँदैन । सामान्यतया अघिल्लो वर्षकै भाउमा यो वर्ष कुनै वस्तु वा सेवा नपाइन सक्छ तथापि कतिपय अवस्थामा अपवाद पनि हुन सक्ला । समयसँगै लागत मूल्य बढ्ने हुँदा उत्पादित वस्तु वा सेवाको मूल्य बढ्नु स्वाभाविक नै मानिन्छ तर कुन दरले वस्तु वा सेवाको मूल्य बढ्छ भन्ने कुरा अर्थशास्त्रीय अध्ययनसँगै उपभोक्ताले मनन गर्ने विषय हुन्छ । ब्याजदर, उत्पापदन लागत, माग र आपूर्ति आदिले बजार भाउ निर्धारण गर्छ भनिन्छ तर यीभन्दा अरू विषय आपूर्ति प्रणाली, कालोबजारी, बिचौलियाको चलखेल आदिले पनि बजारलाई प्रभाव पारिरहेको हुन्छ । यता केही समयदेखि नेपाली बजारमा फेरि महँगीले टाउँको उठाउँदै छ । उपभोक्ता मारमा पर्न थालेका छन् । खास गरी घरभान्सा चलाउने गृहणी महँगीको मारले थिचिएका छन् । केन्द्रीय बैङ्कको अध्ययनले पनि महँगी देखाउन थालेको छ । महँगीको विश्लेषण गरी के कसरी महँगी बढेको हो ? त्यसको सामना गर्न के कस्ता चुनौती छन्, तिनको सामना कसरी गर्न सकिन्छ ? महँगीको सामना गर्न सरकारको नीति, योजना र कार्यक्रम के कस्ता हुने ? आदि मूलभूत विश्लेषणका विषय बन्दै छन् ।

नेपाल राष्ट्र बैङ्कले चालु आर्थिक वर्षको चौथो महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति हालै सार्वजनिक गरेको छ । केन्द्रीय बैङ्क अनुसन्धान विभागले तयार गर्ने यो विवरणले अर्थतन्त्रका धेरै आयामको ताजा अवस्था जानकारीमा आउँछ । केन्द्रीय बैङ्कका अनुसार कात्तिकसम्म वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.६० प्रतिशत रहेको छ । गत आवको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.३८ प्रतिशत रहेको थियो । सामान्य र झट्ट हेर्दा गत वर्षभन्दा यो वर्ष मूल्य बढेको मान्न सकिन्न तर यो समग्र औसत मुद्रास्फीति मात्र हो र योभित्र विविध पक्ष समेटिएका हुन्छन् । ताजा अवस्था थाहा पाउन भित्रैसम्म पुगेर विश्लेषण गर्नु पर्छ । उपभोक्ता मुद्रास्फीतिभित्र पनि खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ९.१० प्रतिशतले बढेको छ भने गैर खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.६५ प्रतिशत मात्र रहेको छ । यसको अर्थ उपभोक्ताले दैनिक उपभोग गर्नुपर्ने खाद्यसम्बद्ध वस्तुमा झन्डै दोहोरो विन्दुले महँगी बढेको देखिएको छ । नौ प्रतिशतभन्दा बढीको मुद्रास्फीति भनेको गत वर्ष सय रुपियाँमा पाउने खाद्य वस्तु यो वर्षको कात्तिकमा नौ रुपियाँ थप गरेपछि मात्र पाइने हो । यो बिचमा उपभोक्ताको आय भने बढेको देखिन्न ।
व्यवहारमा भने योभन्दा अझै महँगीको अनुभव उपभोक्ताले गरिरहेका छन् । त्यसको पनि केन्द्रीय बैङ्कको तथ्याङ्कलाई अझ गहन गरेर हेर्दा केही जवाफ भेट्न सकिन्छ । खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत पनि धेरै उपसमूह हुन्छन् । त्यसमा पनि तरकारी उपसमूहको महँगी भने उच्च नै वृद्धि भएको रहेछ । कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्कमा तरकारी उपसमूह ३३.९९ प्रतिशतले बढेको रहेछ । यो अचाक्ली नै उच्च मूल्यवृद्धि हो । तरकारीमा झन्डै ३४ प्रतिशतको मूल्यवृद्धि भनेको गत वर्ष सयमा पाउने तरकारी अहिले १३४ रुपियाँ पर्नु हो । बिहान बेलुकै भान्सामा पाक्ने तरकारी यति महँगो हुँदा उपभोक्ता चर्को मारमा पर्ने नै भए । यो महँगी प्रत्येक परिवार र उपभोक्तासँग जडिन जाने हुँदा प्रत्यक्ष असर पर्ने नै भयो । सामान्यतया हिउँदमा तरकारी सस्तो हुनुपर्ने हो तर कात्तिकपछि यताका दिनमा पनि तरकारी सस्तिएको छैन । त्यसैले तरकारीको उत्पादन तथा बजार आपूर्ति प्रणालीको गम्भीर विश्वेषण गर्नुपर्ने अवस्था देखिएको छ । तरकारी मात्र होइन, भान्सामा प्रयोग हुने अरू पनि वस्तुको मूल्य बढेकै देखिएको छ । चालु आवको चौथौँ महिनामा दाल तथा गेडागुडीको मूल्य पनि १०.७८ प्रतिशतले बढेको देखिएको छ । खाद्य समूहभित्रको खाद्य तथा खाद्यजन्य पदार्थको १०.१५ प्रतिशतले मूल्य बढेको छ भने घिउ तथा तेलको मूल्य पनि ९.२९ प्रतिशतले बढेको पाइएको छ । यसले उपभोक्तासित दैनिक अर्थात् बिहान, बेलुका र दिउँसो हातमुख जोड्ने प्रत्येक वस्तुको मूल्य दोहोरो अङ्कमै हाराहारी मूल्यवृद्धि देखिएको छ । केन्द्रीय बैङ्ककै तथ्याङ्कले यस्तो देखाएको छ । थोक मूल्यलाई आधार मानेर केन्द्रीय बैङ्कको तथ्याङ्क तयार हुने हुँदा अझ बजारमा खुद्रा मूल्य योभन्दा पनि उच्च प्रतिशतले मूल्यवृद्धि हुन्छ । बिचौलियाको चलखेल, बजार अवरोध आदिले महँगी बढाएको हुन्छ । बजार अनुगमन चाडपर्वको बेला अलि बढी देखिन्छ र अरू बेला वास्ता हुँदैन । सम्बद्ध निकायको प्रवृत्ति यस्तै देखिएको छ । उपभोक्ताको पक्षमा बोल्ने र बजार नियमित र पारदर्शी बनाउन पद्धतिको कमी हुँदा उपभोक्ता चर्को मारमा पर्न बाध्य छन् ।
उपभोक्ता यस्तो चर्को मारमा पर्ने महँगी घटाउन सकिन्छ ? महँगी नै घटाउन नसकिए पनि वृद्धिदर घटाउन सकिन्छ र सम्बद्ध निकायले सक्नु पर्छ । उच्च मूल्यवृद्धिलाई कम्तीमा पाँच छ प्रतिशतको हाराहारीमा ल्याउन सक्नु पर्छ । महँगी अर्थात् मुद्रास्फीतिलाई निक्षेप ब्याजदरकै हाराहारी तथा त्योभन्दा तल ल्याउन सकियो भने उपभोक्तालाई राहत मिल्छ । भान्सा तथा उपभोक्ताको दैनिक जीवनलाई प्रतिकूल प्रभाव पार्ने यो पटकको मूल्यवृद्धिमा धेरै तत्वले काम गरेको हुनु पर्छ । पहिलो, असोज महिनामा काठमाडौँ उपत्यका र वरपर मनसुन सकिनै लाग्दा आएको घनघोर वर्षाले बाढी, पहिरो र डुबानको समस्या ल्यायो । यसले मूलतः तरकारी लगायतको कृषि उत्पादनलाई प्रतिकूल असर पार्‍यो । उत्पादनमा मात्र होइन, सडक तथा राजमार्गलाई अवरोध गरी आपूर्ति प्रणालीमा पनि समस्या ल्यायो । उत्पादन नबढाई बजारमा उपभोक्ताले राहत पाउन सक्दैनन् । वैदेशिक रोजगारी तथा सहर पस्ने प्रवृत्तिले कृषिमा काम गर्ने जनशक्ति वितृष्णा बढ्दो छ । आयातित तरकारीलगायतका वस्तु उच्च बजार भाउमा मात्र आयात हुन्छ ।

स्वाभाविकै हो, कम मुनाफा आयात पनि सहज हुँदैन । अतः दोस्रोमा महँगीको कारण उत्पादनको कमी नै हो । उत्पादन बढाउन कृषिमा लगानी बढाउनु जरुरी छ । महँगीको मारबाट उपभोक्तालाई राहत दिन देशभित्रै उत्पादन बढाउन तीनै तहका सरकारको प्राथमिकता आवश्यक छ । तरकारीको भाउ उच्च मूल्यवृद्धि देखियो । गाउँघरमा तरकारी खेतीमा प्रोत्साहन गर्न पालिकादेखि वडा कार्यालयले त्यसै अनुसारको अभियान चलाउनु आवश्यक छ । बजारमा मूल्य राम्रो देखिँदा उत्पादन बढाउनु आवश्यक छ, उत्पादनका निम्ति पनि यो अवसर हो । सहरमा समेत कौसी तरकारी खेतीलगायतका प्याकेजतिर स्थानीय सरकारले प्रभावकारी कार्य गरे उपभोक्तालाई केही न केही राहत मिल्न सक्छ । तेस्रो, व्यावसायिक कृषि प्रवर्धन । घरेलु स्तरमा गरिएको खेतीले सामान्य र घरेलुस्तरमै आपूर्ति गरे पनि व्यापक बजार प्रभाव पार्न कठिन छ । व्यावसायिक कृषि प्रवर्धन गर्न विशेष गरी सङ्घ तथा प्रदेश सरकारले प्राथमिकता दिनै पर्छ । यसबाट एकातिर आयात प्रतिस्थापन गर्छ भने अर्कोतिर आन्तरिक रोजगारी तथा स्वरोजगारीका निम्ति पनि सहयोग पुग्छ ।

महँगीको चुनौतीसँग सामना गर्न उपभोक्ताको आय वृद्धि पनि आवश्यक हुन्छ । त्यसैले चौथोमा आर्थिक गतिशीलताका निम्ति काम गर्नुपर्ने देखिन्छ । यसमा सरकारले पुँजीगत खर्चमा वृद्धि गर्दा अर्थतन्त्रमा क्रियाशीलता आउन सक्छ । चालु आवको पाँचौँ महिना सकिन लाग्दा अर्थात् दुई दिनअघि मात्र यो वर्षको पुँजीगत बजेट ११.५८ प्रतिशत मात्र भएको छ । विनियोजित तीन खर्ब ५२ अर्ब रुपियाँमा ४० अर्ब रुपियाँ मात्र खर्च भएको छ । यो अति न्यून खर्च हो । पुँजीगत बजेट उपभोक्ताको आर्थिक क्रियाशीलतासँग सम्बन्धित हुन्छ । पुँजीगत बजेट खर्च गर्दा निजी क्षेत्रमा लगानी बढाउन सहयोग पुग्छ । सरकारले एक खर्ब खर्च गर्दा निजी क्षेत्रमा चार खर्ब रुपियाँसम्मको आर्थिक क्रियाशीलना र तरङ्ग पैदा हुन्छ भन्ने अर्थशास्त्रीय मान्यता छ । बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा जाने कर्जा बढ्न सकेको छैन । यसको मूल कारण नै सरकारले पुँजीगत बजेट खर्च गर्न नसक्नु पनि एउटा कारण हो ।

तीन तहकै सरकारमा गरी यतिबेला दुई खर्ब हाराहारी रकम बचतका रूपमा थुप्रिएर बसेको देखिएको छ । त्यसमा कतिपय अंशत सरकारले सार्वजनिक ऋण उठाएको पैसासमेत हो । सरकारले अहिले सात आठ प्रतिशत हाराहारीमा सार्वजनिक ऋण उठाइरहेको छ । त्यो ऋणको सरकारले ब्याज तिर्नुपर्ने हुन्छ । कुल गार्हस्थ उत्पादनको ४३ प्रतिशत ऋण पुगिसकेको हालको अवस्थामा दुई दिनअघिसम्म ऋणको साँवा र ब्याज तिर्न नै वित्तीय व्यवस्थान बजेटबाट ४१.३२ प्रतिशत खर्च भइसकेको छ । पुँजीगत बजेटभन्दा बढी अर्थात् तीन खर्ब ६७ अर्ब वित्तीय व्यवस्थापन बजेटको एक खर्ब ५१ अर्ब रुपियाँ साँवा तथा ब्याज चालु आवको पाँच महिनामा चुक्ता गर्नु कम सकस होइन । त्यसैले पुँजीगत बजेट खर्च गर्न तीव्रता नदिई आर्थिक गतिशीलता बढ्दैन । आर्थिक गतिशीलता बढ्दा उपभोक्तामा आय र रोजगारी तथा स्वरोजगारीको बाटो खुल्छ । आय र उत्पादन बढ्दा महँगीसँग सामना गर्ने उपभोक्ताको ल्याकत बढ्छ ।

अर्थतन्त्रको बाह्य सूचक राम्रो देखिएको हालको अवस्थामा यसैमा रमाउने बेला भने छैन । विप्रेषण आयका कारण बढिरहेको विदेशी मुद्राको सञ्चिति सामान्य सन्तोषको विषय मात्र हो । त्यसको प्रभावकारी उपयोग आन्तरिक अर्थतन्त्रमा भए मात्र अर्थतन्त्रले सही दिशा लिने छ, उपभोक्ताले राहत पाउने छन् । आन्तरिक लगानीमा सकारात्मक प्रभाव पर्नेछ र यसले अर्थतन्त्रमा गतिशीलता पनि ल्याउने छ । उत्पादन र रोजगारी बढ्ने छ । उपभोक्तालाई महँगीको सामना गर्न सहज हुनेछ । आन्तरिक उत्पादनमा थप कमी आउँदा भने विदेशी मुद्राको सञ्चिति आयात गर्ने वस्तु तथा सेवाकै निम्ति खर्चिनुपर्ने हुन्छ । आन्तरिक उत्पादनमा बढोत्तरीबिना आयातित बजारमा मात्र निर्भर दिनदैनिन्य जीवन सधैँ सकसमै हुन्छ । खाद्यान्न, दलहन, तरकारी आदि दैनिक जीवनमा चाहिने उत्पादनतिर अग्रसर हुने नीति, योजना र कार्यक्रम आउन सकेनन् भने थप महँगीको जोखिम रहिरहन्छ । अर्थतन्त्र पनि झनै परनिर्भर बन्दै जाने छ ।

# पर्यटन समृद्धिको आधारशिला



• तारा वाग्ले

सरकारले नेपाललाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न विभिन्न नीति तथा कार्यक्रम अघि सारेको छ । सरकारको नीति तथा कार्यक्रममा पर्यटकीय गन्तव्यको प्रोफाइल तयार गरी ती गन्तव्यको पहिचान, विकास र प्रवर्धन गर्ने उल्लेख छ । पर्यटकीय सम्भावना भएका पहाडी भूभागमा स्थानीय स्रोतसाधनको प्रयोग तथा रोजगारी सिर्जना हुने गरी तिनै तह र निजी क्षेत्रको समन्वयमा टाकुरा पर्यटकीय गन्तव्यको विकास गरिने तथा ग्रेट हिमालयन ट्रेललगायतका पर्यटकीय पदमार्ग पूर्वाधार निर्माणलाई तीव्रता दिइने नीति ल्याइएको छ । नेपालमा विगतका तुलनामा पर्यटक आगमनमा उल्लेख्य वृद्धि भएको छ । नेपाल पर्यटन बोर्डको तथ्याङ्क अनुसार सन् २०२३ मा १० लाख विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए भने यो वर्ष नेपाल घुम्न आउने पर्यटक संख्या ११ महिनामै १० लाख नाघेको छ । तथ्याङ्क अनुसार सन् २०२४ जनवरीदेखि नोभेम्बरसम्म १० लाख ५५ हजार ५३३ पर्यटकले नेपाल भ्रमण गरेका छन् । यसैबिच सरकारले सन् २०२३-२०३३ लाई भ्रमण दशकसमेत घोषणा गरेको छ । विदेशी पर्यटक भित्र्याउनमा देशले ठुलै उपलब्धि हासिल गरे पनि आन्तरिक पर्यटनको प्रवर्धनमा भने खासै प्रगति भएको देखिँदैन । सरकारी तथा गैरसरकारी निकायले आन्तरिक पर्यटनले अर्थतन्त्रमा पुर्‍याएको योगदान, यसका सम्भावना र चुनौतीबारे सूक्ष्म अध्ययन, विश्लेषण गरेको पाइँदैन । दिगो आर्थिक विकासका लागि गैरउत्पादन क्षेत्रमा खर्चिने धनराशिलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्न तथा उद्योग, व्यापार, व्यवसाय तथा रोजगारीको अवस्था सिर्जना गरी मुलुकलाई आत्मनिर्भर बनाउन आन्तरिक पर्यटन भरपर्दो माध्यम हुन सक्छ ।
पर्यटन प्रवर्धनमा सरकारको दशकौँदेखिको प्रयास जारी नै छ । सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने गरी सरकारले 'नेपाल भ्रमण वर्ष २०२०' घोषणा गरेको थियो तर भ्रमण वर्ष सुरु नहुँदै विश्वमा कोरोना फैलिएर सो वर्ष मुस्किलले दुई लाख ३० हजार मात्र पर्यटक नेपाल भित्रिए । सरकारले आगामी वर्ष सन् २०२५ लाई भ्रमण वर्षको रूपमा मनाउने तयारी गरिरहेको छ । एक दशकमा पर्यटन क्षेत्रको कुल गार्हस्थ उत्पादन (जिडिपी)मा १० प्रतिशत योगदान पुर्‍याउने लक्ष्य राखिएको छ । पर्यटन दशकको अवधारणापत्रमा पर्यटकको बसाइ २० दिन र प्रतिपर्यटक प्रतिदिन औसत खर्च पनि १२५ अमेरिकी डलर पुर्‍याउने लक्ष्य राखिएको छ । आर्थिक सवेक्षण २०७८/७९ अनुसार सन् २०२१ मा पर्यटकको औसत बसाइदर १५.५ दिन र प्रतिदिन प्रतिपर्यटक खर्च ४८ डलर रहेको थियो ।

नेपालका हरेक जिल्लामा पर्यटकीय गन्तव्य भए पनि नेपाली नेपाल घुम्न छोडेर विदेश घुम्न बढी रुचाउँछन् । विदेशी पर्यटकले नेपालमा गर्ने खर्चको तुलनामा नेपालीले विदेश घुमफिरमा धेरै खर्च गर्ने गरेको पाइएको छ । नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको चालु आव २०८१/८२ को आर्थिक प्रतिवेदन अनुसार पहिलो तीन महिनामा नेपालीले विदेश भ्रमण गर्दा २३ अर्ब ६० करोड रुपियाँ विदेशमा खर्च गरेका छन् भने सोही अवधिमा विदेशी नागरिकले नेपाल भ्रमण गरेर १७ अर्ब ७२ करोड रुपियाँ नेपालमा खर्च गरेका छन् । यसरी विदेश घुम्ने क्षमता भएका नेपालीले नेपालको पनि भ्रमण गरेको भए नेपालको आन्तरिक पर्यटन कति फस्टाउँथ्यो होला ?
आन्तरिक पर्यटन प्रवर्धनका लागि राज्यले सरकारी, गैरसरकारीलगायत निजी क्षेत्र समेतका कर्मचारी तथा श्रमिकलाई घुमफिरका लागि वार्षिक काज वा छुट्टीका साथै अन्य सहुलियत र सुविधा उपलब्ध गराउन सक्नु पर्छ । किनभने वैदेशिक अध्ययन तथा रोजगारीका सिलसिलामा विश्वभर पुगेका नेपालीले पहिला आफ्नै देशको भ्रमण गरेमा मात्र उनीहरूले विदेशमा रहेका बेला त्यहाँका नागरिकसँग नेपालको प्रचार प्रसार गरेर विदेशी पर्यटकलाई लोभ्याउन सक्छन् । नेपालमा अनेकौँ संस्कृति तथा धार्मिक सम्पदा र तीर्थस्थलहरू संरक्षणको अभावमा लोपोन्मुख छन । त्यस्ता धरोहरको खोज र प्रचारप्रसार नभएको भने होइन । सरकारले बजेटमार्फत नेपालको प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदालगायत पर्यटकीयस्थल र सेवाको अन्तर ाष्ट्रियस्तरमा सघन प्रचारप्रसार गर्न तथा आन्तरिक पर्यटन प्रवर्धन गर्न 'नेपाल घुमौँ, नेपाल चिनौँ, भन्ने नारासहित अभियान ल्याएको छ ।
आन्तरिक पर्यटन प्रवर्धन गर्ने उद्देश्यले नेपाल पर्यटन बोर्डले पहिलो राष्ट्रिय कार्यक्रमका रूपमा घुमफिर वर्ष २०७३ सुरु गरेको थियो । आन्तरिक पर्यटन प्रवर्धनका लागि यसअघि सन् १९९८ मा नेपाल भ्रमण वर्ष र सन् २०११ मा नेपाल पर्यटन वर्ष मनाइएको थियो ।
नेपाल मनोरम प्राकृतिक छँटा, बहुधार्मिक, बहुजातीय, बहुभाषिक, जैविक विविधता र सामाजिक विविधता एवं ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण छ । नेपाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा परिचित गराउन देश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली नागरिकको उत्तिकै भूमिका हुन्छ । त्यसमाथि पनि देशका विभिन्न क्षेत्रमा र विदेशका स्थायी कूटनीतिक नियोगमा कार्यरत सरकारी कर्मचारीको त पर्यटन प्रवर्धन गर्ने जिम्मेवारी नै हो । नियोगको मुख्य कार्य अन्तर्गत पर्यटन प्रवर्धन पनि पर्छ । त्यसको लागि विदेशस्थित कूटनीतिक नियोगमा कार्यरत कर्मचारीहरूले पहिला नेपाललाई राम्ररी चिनेको हुनु पर्छ । उनीहरूले आफ्नो देशका कुनाकाप्चासम्म पुगेर त्यहाँको वस्तुस्थिति नियाले मात्र विदेशीलाई नेपाल राम्रोसँग चिनाउन सक्छन् । आफूले बुझेपछि मात्र नेपालबारे विदेशीलाई बुझाउँदै नेपाल घुम्नका लागि लालायित गराउन सक्छन् । देश तथा विदेशमा कार्यरत कर्मचारीलाई नेपाल भ्रमणमा उत्साहित बनाउन सरकारले भ्रमण सुविधा पनि दिएको छ । आन्तरिक पर्यटन प्रवर्धनका लागि आव २०७८/७९ देखि तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले सरकारी कर्मचारीलाई १० दिनको तलबसहित पर्यटन बिदा दिने घोषणा गर्नुभएको थियो । सो निर्णय कार्यान्वयन गर्न संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयले कार्यविधि तयार पारेको छ । कार्यविधिमा एक कर्मचारीले आफ्नो साथमा श्रीमान् वा श्रीमतीमध्ये एक जनासँगै लैजान सक्ने र त्यस क्रममा आफ्नो तोकिएको पारिश्रमिकको दैनिक हुन आउने रकम खर्चका रूपमा दिने उल्लेख छ । यो रकम पाउन कर्मचारीले तोकिएका गन्तव्यमा पुगेर १० दिन बसेको र त्यहाँ खर्च गरेको प्रमाण र गन्तव्यबाट फर्किएपछि सम्बन्धित निकायमा प्रतिवेदनसमेत बुझाउनु पर्छ । छुट्टै बजेटको स्रोत नभएकाले यो कार्यक्रम पूर्ण रूपले कार्यान्वयनमा आउन सकेको छैन ।
नेपाल विश्वमा प्राकृतिक सुन्दरता, अद्वितीय संस्कृति तथा साहसिक पर्यटनका लागि महत्वपूर्ण गन्तव्यको रूपमा परिचित छ । विदेशी मुद्रा आर्जन गर्ने एक प्रमुख स्रोत रहेको पर्यटन नेपालको अर्थतन्त्रको एक महत्वपूर्ण आधार हो, जसले पर्यटनले गरिबी निवारण, रोजगारी सिर्जना र देशको विकासमा योगदान पुर्‍याएको छ । त्यसैले पर्यटन क्षेत्रको लगानी खेर जान नदिन र त्यससँग आश्रित हजारौँको रोजगारीको समेत संरक्षण गर्न सरकार तथा निजी क्षेत्रको समन्वयमा साझा प्रयास थाल्नु आवश्यक छ । यसो गरेमा नागरिकमा देश घुम्ने संस्कृतिको विकास भई देशको प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण र समृद्ध मुलुक निर्माणको आधारशिला तयार हुन्छ ।

# गेटकीले कानमा समाएर मलाई बाहिर निकालेपछि



• रमेश नेपाल

बाल्यकाल मानिसको जीवनको सुनौलो समय हो भन्ने मलाई लाग्छ । कुनै चिन्ता, दायित्वबिना स्वतन्त्रतापूर्वक बिताएको बाल्यकालको स्मरण मात्रले पनि मनभरि आनन्दका फूल फुल्न थाल्दछ । साथीहरूसँग खेलेका, परिवारसँग बिताएका रमाइला क्षणहरू सम्झँदा अहिले पनि हृदयभरि प्रमोद छाउने गर्दछ । प्रायः मानिसहरू आफ्ना बाल्यकालको समयको सम्झिदै रमाइलो मान्ने गर्दछन् । त्यसमा म पनि अछुतो रहने कुरो भएन । मेरा पनि केही रमाइला सुखद बाल्यकालीन अनुभूतिहरू छन् । बाल्यकालका साथीहरु जतिका प्रिय अरु कोहि हुँदैनन् । ती बाल्यकालका साथीहरुमा स्वार्थ लुकेको हुँदैन,स्कुल जाँदा होस् या स्कुल छुट्टीका बखत गुच्चा खेलेका होस् चाहे सँगै खोलामा नुहाउन गएका पलहरु सम्झँदा पनि मनमा एक प्रकारको आनन्द आउँछ ।

आज मलाई अचानक बाल्यकालको याद आयो ।मेरो जन्म झापा जिल्ला साविक ज्यामिरगढी वार्ड नम्बर ३ बिचार्नी बजारमा भएको हो ।मेरो सम्पूर्ण बाल्यकाल सोही ठाउँमा नै बितेको हो । अस्ति मंसिर २९ गते बेलुका मेरो बाल्यकालको साथी कान्ता भुजेल (जसलाई हामी कान्ते भनेर बोलाउथ्यौं )ले मेसेन्जरमा कल गर्यो ।उसको कल आउनेबित्तिकै मैले उठाई हालेँ ।उसले 'के छ हौ माईला ?' भनेर मलाई मेरो खबर सोध्यो ।म बडो खुशी भएर भनेँ, 'ठिक छ यार तेरो के छ नि?' उसले पनि भन्यो, 'मेरो त सबै ठिक छ यार, यस्तै त हो नि जिन्दगी चल्दैछ बिचार्नी छोडेर कतै जान सकिएन तर पनि सन्तुष्ट छु ।' मैले बिचार्नी छोडेको २७ बर्षपछि कान्तेसँग मेसेन्जरमा भलाकुसारी हुन पाउँदा मेरो खुशीको सीमा नै थिएन ।लगभग एक घण्टाको मेसेन्जर भलाकुसारीमा हाम्रो बाल्यकालको सबै क्षणहरु ताजा भएका थिए ।

आज म मेरो बाल्यकालको स्मरण कान्तेसँग भएका भलाकुसारीबाट नै शुरु गर्न चाहन्छु । मेरो साथी कान्तेले मलाई सम्झायो ,'ओए माईला तँलाई याद छ धुलाबारीको तृष्णा चित्र मन्दिरमा अन्याय फिल्म हेर्न जाँदाको याद ?' मैले भने ,'किन याद नहुनु नि यार , कसरी बिर्सन सक्छु र !' उसले हाँस्दै भन्यो, ' हो नि सम्झँदै रमाईलो लाग्छ नि !' त्यो बेला अन्याय फिल्म हेर्न जाँदाको क्षण म बिस्तृतमा लेख्न जाँदैछु । जतिखेर म ज्यामिरगढी निम्न माध्यमिक विद्यालय( अहिले मा. वि. भैसकेको छ)मा कक्षा ६ मा पढ्थेँ,मेरा साथीहरु, कान्ते, धुर्बे, तिर्थे, सुवास, केशब, बिनोद, अम्बरे, रमेश, सैलुन रबिन, कान्छाबाउ हामी सबै एउटै कक्षामा पढ्थ्यौं ।

हामी सबैको घर वरतिर परतिर थियो । त्यतिखेर हाम्रो अर्धबार्षिक परीक्षा असारमा हुने गर्दथ्यो । मलाई अहिले पनि थाहा छ हाम्रो अर्धबार्षिक परीक्षा असार ६ गतेबाट शुरु भएर असार १४ गते सकिएको थियो ।कक्षामा म अलिक जान्ने भएकोले होला सायद साथीहरुले मसंग सिकाई माग्थे अनि लोभ देखाउँथे । परीक्षा सकेपछि तँलाई फिल्म हेराउँछु भन्थे कोहीले भने कोहीले तँलाई गुच्चा दिन्छु भन्थे ।मलाई कान्तेले 'परीक्षा सकिएपछि फिल्म हेराउँछु मलाई सिकाई दे है माईला' भनेर भनेको थियो । सोहीबमोजिम मैले उसलाई परीक्षाभरि सिकाइदिएको थिएँ । परीक्षा सकिएको भोलिपल्ट असार १५ गते अर्थात दही चिउरा खानेदिन मलाई कान्तेले बिहानै उसैको घरमा लगेर कटहर र दही चिउरा खुवाएको थियो ।सोही दिन हामी धुलाबारी अन्याय फिल्म हेर्न गएका थियौँ ।

अन्याय फिल्म हेर्न हामी ७-८ जनाको टिम गएका थियौ । जुन टिममा मेरो दाजु गोपी पनि थियो ।म, कान्ते,सुवास, मेरो दाजुलगायत थियौ हामी । मसँग चाराना पनि थिएन । म साथीहरुकै आशमा फिल्म हेर्न गएको थिएँ ।अरु सबैले ५-५ रुपैयाँ बोकेका थिए । हामी ८ जना गएका थियौ फिल्म हेर्न तर, टिकट ७ वटा मात्र काट् यो । सबैको टिकट मेरो दाजुले काटेको थियो ।त्यतिखेर हामी सेकेण्ड क्लासमा फिल्म हेर्थ्यौं । जुन पर्दाकै छेउमा बसेर हेर्ने टिकट हुन्थ्यो ।त्यतिखेर सेकेण्ड क्लास, फस्ट क्लास, रिबाल्कोनी र बाल्कोनी गरेर ४ श्रेणी हुने गर्थ्यो फिल्म हलमा । हामीले सबैभन्दा सस्तो सेकेण्ड क्लासको टिकट काटेका थियौँ जसको मूल्य ३ रुपैयाँ पच्चीस पैसा पर्दथ्यो ।

हामी मान्छे ८ जना टिकट ७ वटा मात्र । अब के गर्ने ? पहिला पहिला पनि हामी त्यसै गर्थ्यौं । पहिले ७ जना टिकट लिएर हलभित्र प्रवेश गरे । म बाहिर नै बसेँ । किनकि सबैले पैसा तिरेका थिए ।मसँग त पैसा थिएन । हामीले योजना बमोजिम नै ७ वटा टिकट काटेका थियौँ ।७ जना साथीहरु फिल्म हलभित्र प्रवेश गरिसकेपछि मेरो दाजु बाहिर निस्कियो ।त्यो बखत फिल्म हलमा गेटकी हुन्थ्यो । जसले फिल्म हेर्न हलभित्र प्रवेश गर्ने दर्शकको टिकट गेटमै लिन्थे र टिकटको आधा भाग आफू राखेर आधा भाग दर्शकलाई दिन्थे । अनि त्यो आधा टिकट हाफटाईममा बाहिर निस्केर भित्र प्रवेश गर्दा गेटमा देखाउनु पर्थ्यो । मेरो दाजु बाहिर निस्कँदा कान्तेसँग भएको आधा टिकट लिएर बाहिर आएको थियो । फिल्म शुरु हुन केही मिनेट बाँकी थियो , दाजुले ल्याएको कान्तेको आधा टिकट मलाई दियो अनि दाजु भाइ त्यही आधा टिकटमा फेरि हलभित्र प्रवेश गर्यौं ।म हलभित्र प्रवेश गरिसकेपछि मैले आधा टिकट कान्तेलाई नै दिएँ । अब भने हामी ८ जना नै हलभित्र थियौँ ।

अघि बाहिर गेटमा उभिएको गेटकीलाई खै के शंका लागेछ कोनि फिल्म शुरु हुनुअघि नै हलभित्र प्रवेश गरेर टिकट चेक गर्न थाल्यो ।सबैले आधा टिकट देखाए तर, मसँग टिकट थिएन । अब भने गेटकीले मेरो कानमा समाएर मलाई बाहिर निकाल्यो । बाहिर निकालेर मलाई कान समाएर उठबस गरायो गेटकीले अनि फेरि घुँडा टेक्न लगायो ।

दाजुले भित्रबाट सबै साथीसँग ५०/ ५० पैसा उठाएर बाहिर आयो अनि मेरो टिकट काटेर फेरि म अन्याय फिल्म हेर्न हलभित्र प्रवेश गरेको थिएँ । त्यो पल अहिले सम्झँदा रमाईलो लाग्छ । साथी कान्तेले यो सबै कुराको यादलाई ताजगी गराइदियो । आजलाई यति नै अब फेरि अर्को अंकमा साथी कान्तेसँग मेसेन्जरमा भएको भलाकुसारीको अर्को बिषयलाई समेट्ने छु ।क्रमशः

# शिवसताक्षी र कमलमा कांग्रेसको भेला

शिवसताक्षी(प्रस) । नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले विशेष सांगठनिक अभियानले पार्टी संगठन बलियो बनाउन महत्वपूर्ण भूमिका खेलेको बताएका छन् ।नेपाली कांग्रेस शिवसताक्षी नगर समितिको भेलालाई सम्बोधन गर्दै सभापति थेवेले झापाका अधिकांश वडा भेला समापन गरेर पालिका तहको भेला जारी रहेको बताउँदै क्षेत्रीय भेलाको पनि तयारी भइरहेको जानकारी दिए । सभापति थेवेले पुष ६ गतेदेखि १० गतेसम्म क्षेत्रीय भेला तय भइसकेको बताउँदै त्यसअघि नै गाउँ/नगर भेला सम्पन्न गरिसक्न तहगत समितिलाई आह्वान गरे। उनका अनुसार पौष १६ गते झापाको कचनकबलबाट अभियान समापन गरी कोशी प्रदेशस्तरीय कचनकवल-सगरमाथा यात्रा शुरु हुनेछ ।




कार्यक्रममा नेपाली कांग्रेस कोशी प्रदेश समिति सदस्य एवं विशेष अतिथिद्वय उत्तम चम्लागाई र केशवराज पाण्डे, महासमिति सदस्यद्वय भक्ति सिटौला र खड्ग कार्की, सहसचिव कमल भण्डारी, महाधिवेशन प्रतिनिधि पर्शुराम ढुङ्गाना र मिता सिटौला, जनप्रतिनिधिको तर्फबाट शिवसताक्षी-८ का वडाध्यक्ष मनोज खुलाल कार्की, क्षेत्रीय उपसभापति विनोद ढकाल, क्षेत्रीय प्रतिनिधि जयकुमारी चेम्जोङलगायतले मन्तब्य राख्दै विशेष सांगठनिक अभियानले संगठनभित्र रहेका कमीकमजोरी अन्त्य गरेर एकढिक्का भई हिड्न प्रेरित गरेको बताए ।
नेपाली कांग्रेस शिवसताक्षी नगर समितिका सभापति अशोक बस्नेतको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत सन्तकुमार फेउदेन र सञ्चालन होमप्रसाद दुलालले गरेको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।
यसैगरी नेपाली कांग्रेस कमल गाउँ समितिको गाउँ भेला सोमवार सम्पन्न भएको छ । नेपाली कांग्रेसले गत असोज ७ गतेदेखि पुष १६ गतेसम्म तय गरेको विशेष सांगठनिक अभियानअन्तरगत नेपाली कांग्रेसले गाउँ/नगर भेलालाई तिब्रता दिएको हो । नेपाली कांग्रेस कोशी प्रदेश समितिका सदस्य एवं कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस झापाका उपसभापति शेरबहादुर भट्टराई, सहसचिव एवं जिल्ला प्रतिनिधि कमल भण्डारी, महाधिवेशन प्रतिनिधि राजन ढुङ्गाना, जिल्ला सदस्य सरस्वती सेढाई, ५ नम्बर क्षेत्रीय सभापति ढुण्डिराज भण्डारी, प्रदेशसभा क का सभापति जीवन राई, प्रदेशसभा ख का सभापति रवि न्यौपाने लगायतले शुभकामना मन्तब्य राखेका थिए ।

नेपाली कांग्रेस कमल गाउँ समितिका सभापति खगेन भण्डारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत पदम निरौला र सञ्चालन महेन्द्र बुढाथोकीले गरेका थिए । यसअघि झापाको बुद्धशान्ति, भद्रपुर, कचनकवल, हल्दिबारी गाउँ/नगर समितिको भेला सम्पन्न भइसकेको छ भने दमक नगरसमितिले पुष ३ गते र अर्जुनधारा नगर समितिले आगामी ४ गतेका लागि भेला तय गरिसकेको छ ।

# अंगदान र प्रत्यारोपणसम्बन्धी जानकारी अब अनलाइनबाट


झापा(प्रस) ।नेपालमा अङ्ग प्रत्यारोपण गर्नुपर्ने बिरामी तथा दान गर्ने दाताले अब अनलाइनबाटै जानकारी लिन सक्ने भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवा विभाग टेकु तथा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको संयुक्त नियन्त्रणमा रहने गरी थालेको अनलाइन सेवाको स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले उद्धाटन गरेका हुन् ।
अनलाइनमार्फत अंगदान गर्ने जोकोहीले दर्ता गराउन सकिने तथा लिन चाहनेले जानकार ीसमेत पाउने उनले बताए । मस्तिष्क मृत्युपश्चात् तत्काल जानकारी अनलाइनमा राखिने भएकाले यसले प्रत्यारोपण कुरिरहेका बिरामी उपचाररत अस्पताललेसमेत तत्काल अङ्ग प्रत्यारोपण गर्न जानकारी प्राप्त गर्ने शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका प्रमुख डा. पुकारचन्द्र श्रेष्ठले जानकारी दिए । दाता तथा बिरामीले केन्द्रको वेबसाइट एसडीएनटिसी डट जिओभी डट एनपीमार्फत जानकारी लिन सक्नेछन् ।
सेवाको उद्घाटन गर्दै मन्त्री पौडेलले सरकारले नागरिकहरूका लागि निःशुल्क मिर्गौला प्रत्यारोपण तथा डायलाइसिस सेवा उपलब्ध गराइरहेको भन्दै धेरैको ज्यान बचाउन नागरिकहरूका लागि मस्तिष्क मृत्यु पश्चात् अंगदान प्रोत्साहन गर्न कार्यक्रम सुरु भएको जानकारी दिए । नेपालसहित विभिन्न देशका अङ्ग प्रत्यारोपणमा संलग्न चिकित्सक, विज्ञ तथा सरोकारवाला सहभागी कार्यक्रममा मन्त्री पौडेलले भने, 'देशमा ९८ प्रतिशत मिर्गौला तथा ९० प्रतिशत नागरिक फोक्सो प्रत्यारोपणपछि सामान्य जीवन बाँचिरहेका छन् । हामी प्रत्यारोपण सेवा अझ विस्तार गर्न प्रतिबद्ध छौँ ।'



मन्त्री पौडेलले अहिले भक्तपुरको केन्द्रबाहेक पोखरा र सुर्खेतमा उपलब्ध प्रत्यारोपण सेवा यसै वर्ष बाँकी प्रदेशमा विस्तार गर्ने लक्ष्यसाथ काम गरिरहेको बताए । 'यसै वर्ष थप प्रदेशमा सेवा विस्तार भएको पाउनुहुनेछ,' मन्त्री पौडेलले भने ।
नेपालमा १२ वर्षमा शहीद धर्मभक्त केन्द्रमार्फत एक हजार तीन सय ३५ मिर्गौला तथा ३० जनाको फोक्सो प्रत्यारोपण भैसकेको छ ।
मस्तिष्क मृत्यु भएका नागरिकबाट अंगदान प्रवर्द्धनका लागि भन्दै हालै मात्र दाताको परिवारलाई २ लाख तथा ७५ हजार अस्पतालका लागि दिने निर्णय स्वास्थ्य तथा जनसंख्या मन्त्री पौडेलले गरेका थिए ।
देशको सरकारी प्रत्यारोपण सम्बन्धी एकमात्र विशिष्टीकृत अस्पताल शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले बर्सेनि ३ हजार अपेक्षित मध्ये २ सय लाई मात्र मिर्गौला प्रत्यारोपण सुविधा दिन सकेको छ । दाता अभावमा अन्य अस्पतालले १ सय जनालाई मात्र अङ्ग प्रत्यारोपण गर्न सफल भएका छन् । जीवित व्यक्तिले परिवारलाई मात्र दिन पाउने तर मस्तिष्क मृत्यु भए पछि दान गर्ने दाता कम भएका कारण कैयौँले दाता अभावमा ज्यान गुमाउनु परिरहेको छ ।

# सप्तकोशीको पानी नहरतर्फ ल्याउन समस्या

झापा(प्रस) । सप्तकोशी नदीको पानी किसानका गरा-गरामा पुऱ्याउने गरी सन् १९७५ मा भारत सरकारले निर्माण गरिदिएको मुलुककै ठुलो सुनसरी मोरङ सिंचाइ योजनाका अधिकांश संरचना जीर्ण भएका छन् । आधा शताब्दी पहिले निर्माण भएका संरचनाको आयु सकिएर



जीर्ण हुँदा हरेक वर्ष सरकारले मर्मत सम्हार गर्दै मुल नहर र २१ वटा शाखा नहरबाट किसानलाई पानी वितरण गरिरहेको छ ।
सिंचाइ योजनाले सुनसरी र मोरङको ६८ हजार हेक्टर क्षेत्रफलमा सिंचाइ सुविधा पुऱ्याएको छ । तर, संरचना जीर्ण हुँदै जाँदा वर्षायाममा आउने बाढीले कति बेला साइफन र नहर माथिका पुल भत्काउँछ भन्ने चिन्ता सुरु भएको छ । जीर्ण भएको लोहोन्द्रा खोलाको पुल र पुल मुनिको साइफन २०७४ साउन २८ गतेको बाढीले भत्काएपछि खोला पूर्वका किसानले ६ वर्षसम्म आकासे पानीको भरमा खेती गर्नु परेको थियो । बाढीले पुलसँगै साइफन भत्काएर बगाउँदा ३४ करोड रुपियाँ क्षति भएको थियो । नहरको पानी जाने कुलो (साइफन) भत्किएपछि मोरङको लोहोन्द्रा पूर्वको ११ हजार हेक्टर जमिनमा सिंचाइ हुन सकेको थिएन ।
हाल आएर कोशीबाट केरौन सम्मको ५३ किलोमिटर नहर क्षेत्रका अधिकांश पुल, साइफन, एक्वाडक्ट, कन्ट्रोल क्रस रेगुलेर जीर्ण भइसकेका छन् । सुनसरी मोरङ सिंचाइ आयोजना प्रमुख मनोहर साहले भने, "५० वर्षअघि जनसंख्या र खेती क्षेत्र कम थियो । त्यसबेला १५ देखि २० प्रतिशत क्षेत्रमा गहुँ,तोरी, मकै खेती हुन्थ्यो । हाल आएर ८० देखि ९० प्रतिशत जग्गामा खेती हुन थालेको छ । त्यसैले हिउँदमा पानीको अभाव भएको हो । मुहानमा पानी नै हुँदैन । कोशीको पानी पूर्वतर्फ नधकेले सम्म मुहानमा पानी आउने

❖ बाँकी अन्तिम पृष्ठमा

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१९

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज कार्यमा अवरोध आउला । मालसामान हराउने वा नोक्सानी हुनसक्छ

**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** दिनको उत्तरार्धमा बढी धन खर्च हुनेछ । सफल यात्रा हुनेछ ।